आज मिति २०७७ साल जेष्ठ २२ गते प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माको अध्यक्षतामा जिल्ला स्तरीय Crisis Management Center को बैठक बसी देहाय बमोजिमको पदाधिकारीका उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

## उपस्थित

**जिल्ला स्तरीय Crisis Management Center का पदाधिकारी**

| क्र.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री रुद्रादेवी शर्मा | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | |
| २. | श्री राजु प्रसाद पौडेल | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय | |
| ३. | श्री गणेश सिं भण्डारी | प्रमुख सेनानी | नयाँ गोरख गण | |
| ४. | श्री बसन्त पाठक | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय | |
| ५. | श्री रमेश कुमार थापा | स. प्र.ना.उ. | सशस्त्र प्रहरी बल नेपाल | |
| ६. | श्री सुबास कार्की | प्र.अ.अ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | |
| ७. | श्री गोकुल ढुंगेल | शाखा अधिकृत | जिल्ला समन्वय समिति | |
| ८. | श्री जितेन्द्रकुमार कर्ण | नि.कार्यालय प्रमुख | स्वास्थ्य कार्यालय | |
| ९. | डा. आनन्द प्रसाद आचार्य | चिकित्सक | जिल्ला अस्पताल | |

**सल्लाहाकार समूह**

| क्र.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री प्रेम बहादुर खड्का | प्रमुख | जिल्ला समन्वय समिति | |
| २. | श्री रमेश कुमार बस्नेत | नगर प्रमुख | मन्थली नगरपालिका | |

**आमन्त्रित**

| क्र.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | माननीय शान्ति प्रसाद पौडेल | प्रदेश संसाद | बागमति प्रदेश | |
| ३. | श्री लेख बहादुर कार्की | [redacted] सचिव | नेपाली काँग्रेस | |
| ४. | श्री सन्तोष कुमार भट्टराई | सेनानी | नयाँ गोरख गण | |
| ५. | श्री केशवप्रसाद घिमिरे | अध्यक्ष | रामेछाप उद्योग बाणिज्य संघ | |
| ६. | श्री रमेश ढुंगेल | अध्यक्ष | पत्रकार महासंघ | |
| ७. | श्री शेरखमान श्रेष्ठ | अध्यक्ष | होलट व्यवसायी संघ | |
| ८. | श्री नविन थापामगर | बरिष्ठ उपाध्यक्ष | रामेछाप उद्योग बाणिज्य संघ | |
| ९. | श्री भिमशेन थापा | उद्योग उपाध्यक्ष | रामेछाप उद्योग बाणिज्य संघ | |
| १०. | श्री टीकाप्रसाद भट्ट | सञ्चारकर्मी | पत्रकार महासंघ | |
| १२. | श्री नवराज पथिक | सञ्चारकर्मी | पत्रकार महासंघ | |
| १३. | श्री गोपाल श्रेष्ठ | नेकपा जि.उ.स. | नेकपा | |
| १४. | | | | |
| १५. | | | | |
| | | | | |
| | | | | |
| | | | | |

निर्णयहरु

१. लकडाउनको अवधिमा अत्यावश्यक खाद्यान्न, दुध, फलफूल, तरकारी, ग्यास डिपोहरु विहान ६:०० देखि १०:०० बजे सम्म खुली आएकोमा अर्को व्यवस्था नभए सम्मको लागि विहान ६:०० देखि दिउँसो १:०० बजे सम्म खुल्ला गर्ने । व्युटीपार्लर, सैलुङ्ग, होटल बाहेक अन्य पसलहरु (कपडा, स्टेशनरी, पुस्तक पसल, इलोक्ट्रोनिक्स पसल) हाललाई भै रहेको स्टकबाटै विक्री वितरण गर्ने गरी विहान ६:०० बजे देखि दिउँसो ०१ बजे सम्म खुल्ला गर्ने ।

२. बन्दाबन्दीको समयमा पनि कृषि तथा पशुजन्य ढुवानी कार्यलाई सहजीकरण भएकै छ, सम्बन्धित पालिकामा उत्पादन भएका कृषिजन्य बस्तुहरुको बजारीकरण मुख्य बजार सम्मको ढुवानीमा सम्बन्धित स्थानीय तह तथा उद्योग बाणिज्य संघले समन्वय गरी सहज रुपमा विक्री वितरणको व्यवस्था मिलाउने ।

३. कोभिड-१९ मा प्रयोग हुने एम्बुलेन्सको ड्राईभरहरुलाई स्वास्थ्य कार्यालयले तुरुन्त तालिमको व्यवस्था मिलाउने।

४. सेलेघाटमा रहेको **Holding** स्थानबाट पालिकामा जाने व्यक्तिहरुको लागि सम्बन्धित पालिकाले **Dedicated** सवारी साधनको व्यवस्था मिलाई सम्पर्क नं. सहित तुरुन्त उपलब्ध गराउने सो कार्यका लागि सबै पालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई **Focal Person** तोक्ने ।

५. सेलेघाटबाट होटल **Quarantine** सम्म आउने व्यक्तिलाई होटल व्यवसायीद्धारा सवारी साधनको व्यवस्था गरी सम्पर्क नं. उपलब्ध गराउने ।

६. छिमेकी जिल्ला लगायत देशभर कोभिड-१९ को संक्रमण बढेकोले सबै जनाले उच्च सर्तकता अपनाउन जरुरी छ। अत्यावश्यक कार्यमा हिड्डुल गर्दा, खरिद विक्रि गर्दा, आयोजना सञ्चालन गर्दा, जहाँ जुनसुकै स्थानमा रहँदा पनि व्यक्ति-व्यक्ति बिचको दुरी कायम गर्न, विश्व स्वास्थ्य संगठन तथा नेपाल सरकारबाट निर्देशित उपायको पालना गरी जारी बन्दाबन्दीको पूर्ण पालना गर्नु/गराउनु हुन तथा महामारीको अभियानमा अग्रपंङ्तिमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र अन्य कर्मचारीहरुको मनोवल उच्च पारी उचित समन्वयात्मक वातावरण सिर्जना गर्न सम्पूर्ण सरोकारवाल तथा जिल्लावासी महानुभावहरुमा अनुरोध छ ।

७. कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारण उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकहरुलाई Paying Quarantine मा बस्नको लागि होटल व्यवसायी संघ मन्थली रामेछापद्धारा उपलब्ध दररेट र होटलको सीट संख्या जिल्ला प्रशासन कार्यालयको website तथा Holding Station मा राख्ने।

८. Holding Stating मा तोकिएका सम्पर्क व्यक्तिहरुले होटल तथा स्थानीय तहसम्म पुऱ्याउन समन्वय गर्ने ।

९. खाद्यान्न लगायत अत्यावश्यकीय वस्तुको गुणस्तर कायम गरी सहजरुपमा आपूर्तिको व्यवस्था उद्योग बाणिज्य संघले गर्ने ।

१०. जिल्लामा अवस्थित बैंक तथा वित्तीय संस्थाहरुले केन्द्रीय बैंकको नीति समेतलाई ध्यान दिई नियमित सेवा प्रवाहको व्यवस्था मिलाउने ।

११. सबै सेवा दिने निकाय/व्यवसायीहरुले भौतिक दूरीकायम गराई अनिवार्य रुपमा साबुन पानी र स्यानीटाइजरको प्रयोग गर्ने/गराउने व्यवस्था मिलाउने । अन्यथा दूरी कायम नगरी भिडभाड भएको अवस्थामा सुरक्षाकर्मीहरुबाट बन्द समेत गराउन सकिने ।

१२. नेपाल भारत सीमा नाका तथा अन्तराष्ट्रिय विमानस्थल हुँदै आएका नेपाली नागरिकहरुलाई सम्बन्धित व्यक्तिको बसोबास रहेको स्थानीय तहसम्म पुर्‍यार्न देहाय बमोजिम सम्पर्क व्यक्ति तोकिएको ।

**जिल्ला प्रशासन कार्यालय, रामेछाप**

| क्र.स. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | श्री भाष्कर दाहाल | प्रशासकीय अधिकृत | ९८४१३४७५५९ |
| २. | श्री लक्ष्मण भुजेल | ना.सु. | ९८५४०४०१२३ |
| ३. | श्री खिलाबहादुर महत | कम्प्युटर अपरेट | ९८५४०४०४१६ |

स्थानीय तहहरु

| क्र.स. | नपा/गापा | पद | नाम थर | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | मन्थली नगरपालिका | प्रमुख | श्री रमेश कुमार बस्नेत | ९८५१०४८४५८ |
| | | उपप्रमुख | श्री माँया कार्की | ९८५४०४०७३१ |
| | | प्र.प्र.अ. | श्री दिपक कोइलारा | ९८५४०४८१११ |
| २ | रामेछाप नगरपालिका | प्रमुख | श्री नर बहादुर थापा मगर | ९८५१११३८०२ |
| | | उपप्रमुख | श्री सिर्जना खड्का | ९८४४१४८०३७ |
| | | प्र.प्र.अ. | श्री दिपेन्द्र पौडेल | ९८५४०४९१११ |
| ३ | उमाकुण्ड गाउँपालिका | अध्यक्ष | श्री शेर ब. सुनुवार | ९८४३०८१८५१, ९८५४०४३२३८ |
| | | उपाध्यक्ष | श्री उर्मिला कार्की बस्नेत | ९७४१३६३६६३ |
| | | प्र.प्र.अ. | श्री इश्वरी प्रसाद सुवेदी | ९८५४०४३२४० |
| ४ | गोकुलगंगा गाउँपालिका | अध्यक्ष | श्री खड्क सुनुवार | ९८५११७१३२५ |
| | | उपाध्यक्ष | श्री राधिका श्रेष्ठ नेवार | ९७४४०३९०५७ |
| | | प्र.प्र.अ. | श्री ओमप्रसाद सुवेदी | ९८५४०४३६४० |
| ५ | लिखुतामाकोशी गाउँपालिका | अध्यक्ष | श्री गोबिन्द बहादुर खड्का | ९८५१०९७७३९, ९८४३५६६६६६ |
| | | उपाध्यक्ष | श्री दिपशिखा न्यौपाने दाहाल | ९७५४२०३१०६, ९८५४०४००१९ |
| | | प्र.प्र.अ. | श्री धनेन्द्र भुजेल | ९८४१६१४८९९ |
| ६ | दोरम्बा गाउँपालिका | अध्यक्ष | श्री कमान सिंह तामाङ | ९८५४०४३९६९ |
| | | उपाध्यक्ष | श्री कृशला घिसिङ | ९८४१९७०११२ |
| | | प्र.प्र.अ. | श्री दिपेन्द्र रेग्मी | ९८५४०६६६०० |
| ७ | सुनापति गाउँपालिका | अध्यक्ष | श्री धावा लामा | ९८५४०४००४० |
| | | उपाध्यक्ष | श्री गिता बिष्ट चौलागाई | ९८४९३४६८६३ |
| | | प्र.प्र.अ. | श्री राममणी काफ्ले | ९८५४०४३८४०, ९८५११२९०६८ |
| ८ | खाँडादेबी गाउँपालिका | अध्यक्ष | श्री प्रेम ब. तामाङ | ९८५४०४०१६८ |
| | | उपाध्यक्ष | श्री मखमली श्रेष्ठ | ९८४९९४३७९६ |
| | | प्र.प्र.अ. | श्री महाप्रसाद दंगाल | ९८५४०४३७४० |

१३. सम्बन्धित पालिकामा शव वहानको लागि १/१ वटा गाडीलाई **Dedicated** अवस्थामा राख्न अनुरोध गर्ने ।